## नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १६ख. ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण संरक्षण क्षेत्रको व्यवस्थापन गर्न मन्त्रालयले दुई वर्षभित्र समुदायलाई हस्तान्तरण गर्ने गरी कार्ययोजना बनाई कार्यान्वयनमा लैजान र कार्यान्वयनको तीन/तीन महिनामा अनुगमन गर्ने शर्त समेत राखी मिति २०६९।१०।४ देखि दुई वर्षका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषलाई म्याद थप गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरेको छ।

### सूचना २

नेपाल सरकारले वन ऐन, २०४९ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी धनुषा जिल्लाको धनुषाधाम गाउँ विकास समिति, उमाप्रेमपुर गाउँ विकास समिति, धनुषागोविन्दपुर गाउँ विकास समिति र यज्ञभूमी गाउँ विकास समितिको देहायको चारकिल्ला भित्रको ३४० हेक्टर वन क्षेत्रलाई धनुषाधाम संरक्षित वनको रुपमा घोषणा गरेको छ।

**चारकिल्ला**

**पूर्वः** धनुषाधाम गाउँ विकास समिति वडा नं. १ र २ को तेजनगर गाउँको आवादी र धनुषाधाम गाउँ विकास समिति वडा नं. ५, ७ र ८ सरसा गाउँको आवादीसम्म,

**पश्चिमः** उमाप्रेमपुर गाउँ विकास समिति वडा नं. ६ र ७ को नौ सय विगाहा गाउँको आवादी, धनुषा गोविन्दपुर गाउँ विकास समिति वडा नं. ५ को धर्मपुर गाउँको आवादी र धनुषागोविन्दपुर गाउँ विकास समिति वडा नं. ७ को मंगलपुर गाउँको आवादीसम्म,

**उत्तरः** यज्ञभूमी गाउँ विकास समिति वडा नं. ५ को भगवानपुर गाउँ र यज्ञभूमी गाउँ विकास समिति वडा नं. ६ को किसानपुर गाउँको आवादीसम्म,

**दक्षिणः** धनुषागोविन्दपुर गाउँ विकास समिति वडा नं. १ को मखनपुर गाउँ, धनुषागोविन्दपुर गाउँ विकास समिति वडा नं. १ र २ को धनुषागोविन्दपुर गाउँ विकास समिति, जनकपुर, धनुषाधाम र धारापानी सडकखण्डसम्म।

**आज्ञाले,**

**डा. कृष्णचन्द्र पौडेल**

**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।